ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

# 'रानीघाट' कथासङ्ग्रहमा मनोचिन्तन

नवराज रिजाल
अनुसन्धाता
nabapragyapan@gmail.com

*अध्ययनसार*

*रानीघाट विश्वराज अधिकारीद्वारा लिखित कथा सङ्ग्रहको नाम हो । यस सङ्ग्रहभित्र सामाजिक विषयवस्तु र नेपाली मानसिकता समेटिएका कथाहरू सङ्गृहित छन् । यी कथाले हाम्रो मनोचिन्तन र सामाजिक विकृति विसङ्गति केलाएका छन् । कृतिको नाम नै रानीघाट भए पनि रानीघाट शीर्षकको कुनै पनि कथा यहाँ समावेश गरिएको छैन । सङ्ग्रह रानीघाटभित्र विभिन्न भाव र शैलीका एघार कथा छन् । कथामा प्रेम वा प्रितीका प्रसङ्ग छन् । प्रेमबाट जीवन टाढा नहुने लेखकको ठहर छ । प्रेम वा प्रेमभन्दा कथाको बाटो अन्त जान सकेको छैन । कतै प्रेमका प्रारम्भिक झलक छन् त कतै वृद्धावस्थामा पुगेपछि आँखामा आएका सम्झना छन् । प्रेमले कहिल्यै र कुनै अवस्थामा पनि नछोड्ने कथाकारको दृष्टान्त छ । प्रेमभन्दा जीवन टाढा छैन यो यथार्थ हो तर यसो भन्दैमा यौन जीवनभन्दा जीवनलनई अलिकति पनि टाढा राखेर हेर्न सकिँदैन । अधिकांश कथामा तराईका जनजीवन र पात्रहरूको उपस्थिति छ । तराईमा जन्मेर त्यहीँ हुर्किबढेका उनको लवजमा भोजपुरीको प्रभाव छ । संस्मरणात्मक शैलीमा लेखिएका यी कथाले पाठकलाई पचास अघिको वीरगञ्ज पुऱ्याउँछन् । प्रेम गर्ने तौरतरिका पनि सिकाउँछन् । आमसञ्चार नभएको त्यो समयमा सञ्चारको काम कसरी गरिन्थ्यो तौरतरिका बताइएको छ । संस्मरणमूलक यी कथाले पाठकहरूलाई पचास वर्ष अघिको वीरगञ्ज पुऱ्याउँछन् । वस्तुस्थिति अवगत गराउँछन्, जीवनका आरोह/अवरोह देखाउँछन् । वक्ताहरूको प्रेम, सद्भाव समर्पण भावले भाषको उन्नति हुने हो । सामाजिक कथावस्तुमा निम्नमध्यम वर्गका पात्रका प्रयोगद्वारा रानीघाट कथासङ्ग्रहका कथामा पारिवारिक, सामाचिक मनोचिन्तनको प्रयोग भएको छ भन्ने सार निकालिएको छ ।*

**प्रमुख शब्दावली** : प्रतिशोध, खडेरी, विश्वास, आश्चर्य, आरम्भ, विगत ।

**विषयपरिचय**

सर्लाहीको छतौनामा माता सावित्रीदेवी अधिकारी र पिता देवराज उपाध्यायका द्वितीय पुत्रका रूपमा जन्मिएका विश्वराज अधिकारी वि.सं.(२०१५) नेपाली आख्यान क्षेत्रका आशा लाग्दा प्रतिभा हुन् । *सूर्य* (२०५४), *बहलिया* (२०५८), *अभिनव* (२०६०), *मधुर मिलन* (२०७०), *मिसिसिपिको किनार* (२०७१), *रानीघाट* (२०७२), *अन्तिम निर्णय* (२०७३) र *नलेखिएको कथा* (२०७६) उनका आख्यान विधामा प्रकाशित कृति हुन् । आख्यान विधाका यी कृतिका अलावा उनका अन्य विधामा प्रकाशित कृति पनि छन् । अमेरिका र नेपालबाट व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका अधिकारी यतिबेला अमेरिकाको लुजियाना राज्यको लाफियत शहरमा रहेको 'साउथ लुजियाना' कम्युनिटी कलेजमा प्राध्यापनरत छन् । अधिकारी अमेरिका पढ्न गएको र त्यहीँ बसोबास थालेको पनि डेढ दशक नाघिसकेको छ । नेपालमा रहँदा पनि उनी प्राध्यापन कार्यमा नै सरिक थिए । काठमाडौँ उपत्यकाभित्रका विभिन्न कलेजमा प्राध्यापन गरेका अधिकारीले केही समय पाटन अस्पतालको उच्च प्रशासनिक पद समेत सम्हालेका थिए । व्यवस्थापन विषयका स्नातक र स्नातकोत्तर तहमा अध्यापन गरिने एक दर्जन पुस्तकहरूसमेत प्रकाशित गराएका छन् । उनी विभिन्न पत्रपत्रिकामा आर्थिक स्तम्भकारका रूपमा समेत् रहेका छन् । उनी निकै लामे अवधिदखि यतिखेरसम्म वीरगन्जबाट प्रकाशित हुने दैनिक पत्रिका प्रतीकको आर्थिक स्तम्भकारका रूपमा समेत रहेका छन् । दर्जन बढी पत्रपत्रिकामा आर्थिक लेख, विचार, स्तम्भ र विश्लेषणमूलक रचना छपाएका अधिकारी लेखन कर्ममा निकै सक्रिय छन् । उनको भौतिक शरीर अमेरिकामा रहे पनि सोच, चिन्तन र विचार सधैं नेपालको माटोमा रहेको छ । सम्भवतः यसैले हुनुपर्छ उनका अधिकांश कथाका विषयवस्तु र पात्र/चरित्र पनि नेपाली परिवेशकै रहेका पाइन्छन् ।

यसको प्रमाण डेढदशक अघिदेखि अमेरिकामा बसोबास गरिरहेको भए पनि नेपाल र नेपालीको विकासमा चिन्तित रहनु तथा यहाँका संघसंस्था तथा पत्रपत्रिकामा सम्बद्ध भइरहनु हो । नेपालमा रहँदा बस्दा मात्र हैन नेपालबाट अमेरिकामा पुगेपनि नेपाली भाषा साहित्यको विकासमा उनको सक्रियता बढेको देखिन्छ । यसैले देशभित्र रहँदाभन्दा

देशबाहिर गएपछि लेखनकारिता अझै बाक्लिएको र माझिएको छ। उनी कम्मर कसेर दिलोज्यानले यो क्षेत्रको विकासका लागि लागिपरेका रहेका छन् । कथाकार विश्वराज अधिकारी वि.सं. १९३५ को आसपासमा काभ्रेको पनौतीबाट तराई झरेका यज्ञधर उपाध्यायका चौथो पुस्ताका सदस्य हुन् । वन विभागका कर्मचारी जिजुबाजे यज्ञधर तराई झरे पछि तराईमै बसोबास गरे । तराईको माटोलाई खनजोत गरेर उर्वर बनाए । पहाडतिर कहिल्यै उकालो लागेनन् । अर्थात् जे गर्नु छ तराईमै र यो माटोलाई उर्वर बनाए । तराईलाई सबैथोक ठाने र माने । तराइकै उन्नति र प्रगतिका निम्ति बल, ब'ता र सामर्थ्य लगाएर सकेको योगदान गरे । आफ्नो क्षेत्रको विकासका लागि जेजे जाने बुझेका थिए त्यही त्यही सबै गरे कुनै कसर बाँकी राखेनन् ।

त्यहीँ बसोबास गरेपछि स्वभाविक रूपमा अधिकारी परिवारको पहाडसँगको नाता सम्बन्ध टुट्यो । खाँटी तराईबासी बने । पहाड र तराई बीचको कुराकानीमा सधैँसधैं तराई पक्षीय भए । उनीहरूको आफन्तदेखि नातागोतासम्म जम्मै पहाडका नभएर विभिन्न विभिन्न कालखण्डमा तराई झरेका तराईबासी नै थिए । यही सिलसिलामा विश्वराज अधिकारी आजभन्दा ६५ वर्ष अघि सर्लाहीको छतौनामा जन्मे । त्यहीँको माटोमा हुर्के, बढे, खेले र जीवनको प्रथम अध्याय प्रारम्भ गरे । आफूलाई चिने, खोजे, छामे, जाने र भेट्टाए । त्यहीँको धुलोबाट बिस्तारै जीवन हिँड्ने बाटो फेला पारे । सरल र सहज परिवेश रोजे । त्यहीँ उत्साहको शृङ्खला भेट्टाए जसमा आज पनि उनी हिँडिरहेछन् । विश्वराज बसेका छैनन्, आफू मात्र नभएर गणेश हिँडिरहन धेरैलाई उत्साहित पनि गरिरहेका छन् । पिता संस्थापक प्रधानाध्यापक भएर स्थापना गरिएको रौतहटको सिमरा भवानीपुरमा रहेको विद्यालयमा पाँच वर्षको उमेरमा पुऱ्याइए । कक्षा चार सम्मको अध्ययन त्यसै विद्यालयबाट पूरा गरे । २०२६ सालदेखि वीरगञ्जबाट कक्षा पाँचको अध्ययन सुरु गरेका विश्वराजले २०३३ सालमा राष्ट्रिय विद्यापीठ वीरगन्जबाट एसएलसी परीक्षा उत्तीर्ण गरे । ठाकुरराम कलेज वीरगञ्जबाट आइकम र विकम उत्तीर्ण गरी त्रिवि काठमाडौंबाट बजारशास्त्र विषयमा एमबीए पूरा गरेका अधिकारीले अमेरिकाबाट पनि सोही विषयको स्नातकोत्तर तहको शिक्षा पूरा गरेका छन् । अमेरिकामा पनि उनी प्राध्यापन पेसामा संलग्न छन् ।

प्रस्तुत लेखमा कथाकार विश्वराज अधिकारीद्वारा लिखित रानीघाट कथा सङ्ग्रहका कथाहरूमा प्रयुक्त मनोचिन्तनका खोज तथा विश्लेषण गरिएको छ । यस सङ्ग्रहभित्र सामाजिक विषयवस्तु र नेपाली मानसिकता समेटिएका एघार कथाहरू छन् । यी कथाले हाम्रो मनोचिन्तन र सामाजिक विकृति विसङ्गति केलाएका छन् । यस सङ्ग्रहका कथामा प्रेम वा प्रितीका प्रसङ्ग छन् । प्रेमबाट जीवन टाढा नहुने लेखकको ठहर छ । प्रेम वा प्रेमभन्दा कथाको बाटो अन्त जान सकेको छैन । कतै प्रेमका प्रारम्भिक झलक छन् त कतै वृद्धावस्थामा पुगेपछि आँखामा आएका सम्झना छन् । प्रेमले कहिल्यै र कुनै अवस्थामा पनि नछोड्ने कथाकारको दृष्टान्त छ । प्रेमभन्दा जीवन टाढा छैन यो यथार्थ हो तर यसो भन्दैमा यौन जीवनभन्दा जीवनलई अलिकति पनि टाढा राखेर हेर्न सकिँदैन । अधिकांश कथामा तराईका जनजीवन र पात्रहरूको उपस्थिति छ । तराईमा जन्मेर त्यहीँ हुर्किबढेका उनको लवजमा भोजपुरीको प्रभाव छ । संस्मरणात्मक शैलीमा लेखिएका यी संस्मरणमूलक कथाले पाठकलाई पचास अघिको वीरगञ्जको इतिहाससमक्ष पुऱ्याउँछन् । प्रेम गर्ने तौरतरिका पनि सिकाउँछन् । आमसञ्चार नभएको त्यो समयमा सञ्चारको काम कसरी गरिन्थ्यो तौरतरिका बताइएको छ । वस्तुस्थिति अवगत गराउँछन्, जीवनका आरोह/अवरोह देखाउँछन् । वक्ताहरूको प्रेम, सद्भाव समर्पण भावले भाषाको उन्नति हुने हो ।

## विश्लेषणको आधार

साहित्य मानव जीवनको ऐना हो भन्ने मान्यता व्यापक रूपमा स्वीकारिएको छ । यस ऐनाले केवल बाहिरी गतिविधि मात्र होइन, मानव मनको गहिराइसम्म पुगेर त्यहाँ लुकेका भावना, विचार र द्वन्द्वलाई समेत उजागर गर्छ । यही सन्दर्भमा "मनोचिन्तन" साहित्यको एक महत्त्वपूर्ण पक्षको रूपमा देखा पर्छ । मनोचिन्तन भन्नाले पात्रको भित्री संसारमा उठ्ने विविध विचार, अनुभूति र मानसिक अवस्थाको सूक्ष्म विश्लेषणलाई जनाइन्छ । मानव जीवन केवल बाहिरी घटनाहरूको समष्टि होइन; यसको मूल केन्द्र त मन नै हो । मानिसले जे गर्छ, त्यसको आधार उसको सोच, भावना र अनुभूति हुन्छ। त्यसैले साहित्यकारहरूले पात्रको वास्तविकता देखाउन उसको मनोविज्ञानलाई उजागर गर्नु आवश्यक ठान्छन्। मनोचिन्तनमार्फत लेखकले पात्रको अन्तर्मनमा प्रवेश गरेर उसका लुकेका पीडा, चाहना, डर र आशाहरूलाई प्रकट गर्छ। यसले पाठकलाई पात्रसँग आत्मीय सम्बन्ध स्थापित गर्न मद्दत गर्छ ।

ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

विशेष गरी आधुनिक साहित्यमा मनोचिन्तनको प्रयोग व्यापक रूपमा बढेको पाइन्छ । परम्परागत साहित्यले बाह्य घटनामा बढी जोड दिएको भए पनि आधुनिक साहित्यले व्यक्तिको आन्तरिक संसारलाई केन्द्रमा राखेको छ । पात्रका विचारहरूको स्वतः प्रवाह, आत्मसंवाद र मानसिक द्वन्द्वको प्रस्तुति मनोचिन्तनका मुख्य विशेषताहरू हुन्। यसरी प्रस्तुत गरिएका विचारहरूले कथालाई मात्र होइन, सम्पूर्ण कृतिलाई जीवन्त र यथार्थपरक बनाउँछन् । मनोचिन्तनको प्रयोगले साहित्यमा गहिराइ थप्ने कार्य गर्छ । जब कुनै पात्र आफ्नो विगतका घटनाहरू सम्झँदै पछुतो व्यक्त गर्छ, वा भविष्यप्रति आशंका र चिन्ता प्रकट गर्छ, तब पाठकले उसको मनोदशालाई स्पष्ट रूपमा बुझ्न सक्छ। यसले पाठकलाई केवल कथा पढ्ने मात्र होइन, त्यसलाई अनुभव गर्ने अवसर पनि प्रदान गर्छ । यद्यपि मनोचिन्तनको प्रयोग सधैं सजिलो हुँदैन । यसका लागि लेखकमा गहिरो मनोवैज्ञानिक ज्ञान र सूक्ष्म अवलोकन क्षमता आवश्यक पर्छ । यदि मनोचिन्तन अत्यधिक जटिल वा अस्पष्ट बनाइयो भने पाठकलाई बुझ्न कठिन हुन सक्छ। त्यसैले यसको प्रयोग सन्तुलित र स्पष्ट हुनुपर्छ ।

निष्कर्षतः मनोचिन्तन साहित्यको एक महत्त्वपूर्ण विधि हो, जसले पात्रको आन्तरिक संसारलाई उजागर गरेर कृतिलाई गहिरो, प्रभावकारी र जीवन्त बनाउँछ । यसले साहित्यलाई केवल घटनाहरूको वर्णनबाट माथि उठाएर मानव मनको सूक्ष्म अध्ययनमा रूपान्तरण गर्छ । त्यसैले मनोचिन्तनलाई साहित्यको आत्मा नै भन्न सकिन्छ । साहित्य मानवीय चिन्तनमा आधारित हुन्छ । साहित्य त्यस्तो वस्तु हो जसको आनन्दमा चुर्लुम्म डुबेपछि मानिस धेरैभन्दा धेरै कुरा स्वतः रूपमा भुल्छ अर्थात् ऊ आफ्नो दुख भुल्छ, पीडा भुल्छ, अप्ठेरा भुल्छ, असजिला भुल्छ, अप्राप्ति भुल्छ, परिवेश भुल्छ, परिस्थिति भुल्छ कुण्ठा भुल्छ यतिमात्र हैन अन्त्यमा आफैँलाई समेत् भुल्छ । यसर्थ साहित्य दुख-सुखको साथी हो । दुख सुखमा साथीहरूको जे जस्तो सहयोग रहन्छ त्यस्तो सहयोग साहित्यले पनि गर्छ । यसर्थ साहित्य र जीवन सँगसँगै यात्रा गर्छन् । इतिहासका पानाहरूमा यी कुरा प्रष्ट देख्न सकिन्छ । कारण हो साहित्य र जीवनको सम्बन्ध एक आपसमा जोडिएको छ । साहित्यको अभावमा मानवीय जीवन एकातिर खुसी र सुखी हुन सक्दैन भने अर्कोतिर मानव जातिको अनुपस्थितिमा साहित्यको उच्चतम विकास र विस्तार हुन पनि सक्दैन । यही कारणले गर्दा साहित्य र जीवनबिच अन्योन्याश्रित सम्बन्ध रहन गएको हो ।

संसारभरका सबै साहित्यले देश वा समाजको प्रतिनिधित्व गर्छन् । कुन समाज, कुन जाति वा कुन भूगोलको अवस्था के कस्तो छ यो बुझ्न साहित्य सबैभन्दा सहयोगी हुन सक्छ । साहित्यको सम्बन्ध जीवनसँग हुने भएकाले यो अवस्था सिर्जना भएको हो । अर्थात् साहित्यको विषय नै जीवन हो । हुन त जीवनबाट टाढा रहेर पनि साहित्य लेख्न सकिएला तर ती साहित्य जीवनवादी कहिल्यै हुन सक्दैनन् । जो जसका लागि लेखिन्छ वा काम गरिन्छ त्यो त्यसका लागि हुन नसके कसका लागि भने के रूपमा मूल्याङ्कन गर्नु यो एउटा ज्वलन्त प्रश्न हो । यो प्रश्नको उत्तर त्यति सजिलो छैन । एउटा सत्य के हो भने जो जसका लागि काम गरिन्छ त्यो त्यसकै लागि हुनुपर्छ अन्यथा गरिएको कामको खासै अर्थ हुन सक्दैन । यसकारण पनि साहित्य र जीवनका बिच अन्योन्याश्रित सम्बन्ध रहन्छ भन्न खोजिएको हो ।

साहित्यका सबै विधाहरूको महत्त्व आआफ्ना ठाउँहरूमा उत्तिकै छ । कुनै विधाको कम र कुनै विधाको बढी भन्ने नै छैन । तथापि कुनै विधा कसैलाई बढी मन पर्ला त कसैलाई कम मन पर्ला । बढी र कम मन पराउने छुट सबैलाई बराबरी छ । यो कुरामा कोही कसैले कोही कसैलाई हस्तक्षेप गर्ने अधिकार पटक्कै छैन । हरेक मानिसका रुचि र स्वभाव आआफ्ना हुन्छन् । कुन बाटो कसरी हिँड्ने र यसको छनोट कसरी गर्ने भन्ने अधिकार सबैमा हुन्छ । यसर्थ छनोटको अधिकार सबैमा समान रूपमा भएको हा । यही कुलाई आधार मानेर मानिसहरू आआफ्ना बाटा हिँडिरहेका छन्, पुगिरहेका छन् र अझै अगाडि हिँड्ने बाटा खोजी रहेका छन् ।

माथिका विभिन्न सन्दर्भहरू हुँदाहुँदै पनि नेपाली साहित्यको परिप्रेक्षमा आख्यान अलि थोरै लेखिएर अलि धेरै पढिने विधा हो । कमसेकम हाम्रो सन्दर्भमा यो तथ्य सर्वमान्यजस्तै छ । जीवन नै कथाहरूको सिङ्गो सङ्गालो हो । सङ्गालोभित्र धेरै कथाहरू अटाउँछन् । एउटै कथाका पनि अनेक उपकथा हुन्छन् । शृङ्खला जोड्दै जोड्दै जाँदा धेरै टाढासम्म पुगिन्छ । यसरी कथा सिङ्गो शृङ्खला भएकाले धेरैको रुचिभित्र परेको पो हो कि ? यो विचारविमर्श योग्य कुरा हो । हामी हामीभित्र अनेकौँ कथाहरू बोकेर निरन्तर हिँडिरहेका छौँ । कहिलेदेखि ? यो प्रश्नको उत्तर सहज हैन,

कठीन छ। यर्थ कोही कसैले पनि तिथिमितिका साथ यो प्रश्नको उत्तर दिन सक्दैन। एउटा सत्य हो हामी हिँडिरहेका छौँ, बाटो पछ्याइरहेका छौ कुरा त्यति मात्र हो।

साहित्यकार विश्वराज अधिकारी डेढदशकभन्दा बढी समयदेखि अमेरिकामा बसोबास गरिरहेका छन् तर पनि मन मस्तिष्कमा नेपाल र त्यसको पनि तराईको भूभाग छ। यसर्थ उनी आफू र आफ्ना पुर्खाहरूको माटो तराई र त्यहाँका भुई मान्छेहरूका पीडा, अप्ठेरा, उत्पीडन लेख्छन् र लेखिरहन्छन् यस लेखमा तिनै कथाका विषयवस्तु, पात्र र परिवेशमा कथामा प्रयुक्त मनोचिन्तनको खोजी गरी विश्लेषण गरिएको छ :

**रानीघाट कथासङ्ग्रहको कथाहरूमा मनोचिन्तन**

प्रस्तुत लेखमा विश्वराज अधिकारीका कथाकृति रानीघाट कथासङ्ग्रहभित्र प्रतीक्षाको प्रतीक्षा, वर्तमानभित्र अतीत, एउटा चेतना, विगतको पाटो, स्मृति पटल, प्रतिशोधको आगो, जीवनको आरम्भ, आश्चर्यको सीमाना, मान्छेको रङ, खडेरी विश्वास र दोषी समय कथाका शीर्षक रहेका छन। यस सङ्ग्रहभित्रका कथाहरू कस्ता छन्, विषयवस्तु के कस्तो छ, के उद्देश्य राखेका छन्, जीवनलाई कसरी हेरिएको छ, यहाँका कथाहरूमा केन्द्रित रहेर कथामा प्रयुक्त मनोचिन्तनको अध्ययन गरिएको छ।

रानीघाट कथासङ्ग्रह भित्रको पहिलो कथा 'प्रतीक्षाको प्रतीक्षामा' हो। यसमा मागी विवाहको प्रसङ्ग उठाएर यही कारण महिलाको जीवन अर्थहीन बनेको सन्दर्भ औँल्याइएको छ। विवाहका लागि दिदी बहिनीसँग प्रतिस्पर्धा गर्न परेका कारण उनीहरूको जीवन अर्थहीन हुनपुगेको लेखकको अभिमत छ। दाइजा प्रथाले ऐँजेरू बनेर समाजलाई सताउनुसम्म सताइरहेको प्रसङ्ग कथाका रोचक ढङ्गले आएको छ। दाइजोकै कारण कतिपय महिलाहरूले अनाहकमा ज्यान गुमाउन परिरहेको यथार्थ सबैको अगाडि छर्लङ्ग छ। केटीले केटाबाट छानीनु पर्ने, बाबुआमाको चित्त बुझ्नुपर्ने, परिवारले स्वीकृति प्रदान गर्नुपर्ने तथा केटोको परिवारलाई दाइजोमा चित्त बुझाउनु पर्ने जस्ता मूल्यमान्यताप्रति लेखकले खुलेर प्रहार गरेका छन्। लेखक अधिकारी यो प्रचलनको विपक्षमा देखिन्छन्।

यस सङ्ग्रहको दोस्रो कथा 'वर्तमानभित्र अतीत' हो। यो कथा स्मृतिको शैलीमा लेखिएको छ। प्रथम प्रेम जीवनभर जीवित रहन्छ। यसलाई फेरबदल गर्न सकिँदैन। एउटासँग प्रेम भए पनि विवाह अर्कोसँग हुनसक्छ। छोराछोरी जन्मन सक्छन्। लामो अवधिसम्म भेटघाट नहुन पनि सक्छ। तर बाल्यकालमा मनमा अङ्कुराएको प्रेम कहिल्यै ओइलाउँदैन वा मरेर जाँदैन। त्यो त मनमा अमिट भएर बसेको हुन्छ। जीवनको कुनै पनि कालखण्डमा त्यो अङ्कुरित हुनसक्छ। अर्थात् अतीत सधैँ अतीत हुँदैन। त्यो त समय र परिस्थितिअनुसार वर्तमान हुन्छ मात्र हैन भविष्य पनि हुनसक्छ। कथाकार अधिकारीले यो विषयलाई बडो रोचक ढङ्गले अभिव्यक्त गरेका छन्।

यस सङ्ग्रहको तेस्रो कथा 'एउटा चेतना' हो। यस कथामा कथाकारले म पात्रको उपस्थिति गराएर उसले भोगेर प्राप्त गरेको सत्यलाई प्रस्तुत गराइएको छ। प्राप्त गरेको यथार्थ यस प्रकार रहेको छ- विवाह गर्नु भनेको नारी र पुरुषको शारीरिक आवश्यकता पूर्तिको लागि मात्र नभई पारिवारिक र सामाजिक जीविकाको लागि र जीवनसाथी पाउनको लागि पनि रहेछ। उसमा उमेरको गणना हुँदो रहेनछ भन्ने तथ्य आफ्नो श्रीमती बितेपछि दोस्रो विवाह गर्नुपर्ने आवश्यकतामा पुगेको म पात्रले बुझ्छन् र सम्झन्छन् उनका बाबुले आमा बिते पछि त्यो उमेरमा पुगेर पनि किन दोस्रो विवाह गर्न खोजेका रहेछन्। जब मानिस आफू एउटा स्थितिमा पुग्छ तब ऊ उसमा चेतना प्राप्त हुन्छ भन्ने यो कथाको मुख्य सन्देश हो। यसले हाम्रो समाजमा प्रचलित नमरी संसार देखिन्न भन्ने उखान चरितार्थ गराउँछ।

यस सङ्ग्रहको चौथो कथा 'विगतको पाटो' हो। यस कथामा पश्चातापमा परेको मानिसको मनोविज्ञानलाई समेटिएको छ। वर्गीय अहम्, सामाजिक उच्च हैसियत र रूपको घमण्ड, य तीन तत्त्वहरूको सम्मिश्रणबाट तयार भएको मोतीविन्दुले मानिसको आँखालाई छोपेपछि उसले को असल र को खराब ?, छुट्याउने क्षमता गुमाउँछ। आफ्नो पारदर्शिता र क्षमताअनुसार जति देख्न दिन्छ, मान्छेले त्यत्तिकै देख्छ। अचम्म स्वभावको प्रदर्शन गर्न त्यस किसिमका मानिसबाट पीडित व्यक्तिहरू त्यो जालोले जति देखाइदिन्छ त्यसैलाई सम्पूर्ण सत्य मानेर भ्रममा पनि बस्छन्। आफ्नो भ्रममाथि अटुट विश्वास गर्छन्। यस किसिमका समस्याबाट पीडित व्यक्तिहरूले आवेगमा आएर गलत निर्णय लिन्छन्। उनीहरू सही समय र सही व्यक्ति छनोट गर्न असमर्थ बन्छन्। गलत समय र व्यक्तिको छनोट गरेर पश्चातापमा पर्छन्। उच्च शिक्षाले

नभएर उच्च ज्ञान र विवेकको संयोगले मात्र व्यक्तिमा उच्च बौद्धिकताको विकास हुन्छ । यो कथा यही यथार्थको वरिपरि घुमेको छ ।

यस सङ्ग्रहको पाचौँ कथा 'स्मृति पटल' हो । हरेक मानिसले आफूले गनुपर्ने काम यथोचित समयमा गर्न गर्नुपर्छ समयमा गर्न नसके पछि पछुताउनु पर्छ भन्ने सन्देश बोकेको छ । यो विषयमा लेखक भन्छन् समयको पनि आयु हुन्छ । समयको जन्म हुन्छ । समय युवा हुन्छ । वृद्धवस्था आएपछि समयको मृत्यु हुन्छ । समयको आयुभएको हुनाले नै समयले कसैलाई पर्खँदैन भनिएको हो । त्यसकारण प्रत्येक काम माािसले समयमा गर्नुपर्दछ । कुनै काम उचित समयमा गर्न नसकेमा त्यो काम पूरा गर्न सकिँदैन । समयमा गर्न नसकिएको कामबाट जन्मिएको असफलता मनोविज्ञानले व्यक्तिलाई आजीवन पश्चातापमा थिचेर रोक्छ । समयमा गर्न नसकिएको कार्यबाट सृजित पश्चाताप मनोविज्ञानले कति पोल्छ भन्ने यथार्थ स्मृतिपटल कथा पढेपछि बोध हुन्छ । हुन त यो कथाको पटाक्षेप लेखकले प्रेममा गएर जोडेका छन् तर पनि यसको सन्देश प्रत्येक कामकुरो समयमा गर्नुपर्छ, समयमा नगरे पछि पछुताउनु पर्छ भन्ने नै हो ।

यस सङ्ग्रहको छैठौँ कथा 'प्रतिशोधको आगो' हो । या कथा प्राकृतिक प्रेम, शान्ति र स्वतन्त्रताको प्रतीकका रूपमा लेखिएको देखिन्छ । यो कथाका विषयमा कथाकर अधिकारीको विचार यसप्रकार रहेको छ - मानिसको मनोविज्ञान सापेक्ष हुन्छ । सडक, वन, जङ्गल,रूख, भवन, चौर व्यक्ति भीड, बजार हल्ला आदिआदि मन पर्ने व्यक्तिको मनोविज्ञानअनुसार हुन्छ । कुनै व्यक्तिलाई कुनै खास कारण वा घटनाले ज्यादै प्रफुल्लित पारेको छ भने उसलाई उसको वरिपर रहेका सबै कुराहरू रोचक र रमाइला लाग्छन् । यहाँसम्म कि कुनै अति नै थोत्रो बसले कर्कस आवाजसहित सडक नै अन्धकार पार्नेगरी धुँवा फाल्दै हिँडेको दृश्य पनि अति मन पर्छ । तर त्यही व्यक्ति यदि मन प्रसन्न नभएको वा कुनै कारण वा घटनाद्वारा चिन्तित रहेको स्थितिमा छ भने उसलाई कुनै बगैँचाभरि फुलेको अति नै सुन्दर र सुगन्धदार फूलहरू पनि मन पर्दैन । यसरी यो कथामा प्रतिशोधको आगो कसरी मानिसको मनमा दन्किएको हुन्छ र राम्रो र नराम्रो छुट्याउने आधार के के हुन् त्यो कुरा खोजी गरिएको छ ।

यस सङ्ग्रहको सातौँ कथा 'जीवनको आरम्भ' हो । गल्ती गर्नेलाई समातेर सजायँ दिलाउन सके सजायँ पाउनेले आफूलाई सुधारी अगाडि बढ्ने अवसर पाउँछ । जीवनको वास्तविक आरम्भ त्यहीँबाट हुन्छ भन्न कथाको मूल सन्देश हो । हाम्रो समाजमा बलात्कारी निर्दोषजस्तो भएर बाँच्न सक्छ । उसको प्रतिष्ठामा आँच आउँदैन । सामाजिक जीवनमा पनि असर पर्दैन । उसको अपराधलाई समाजले बिस्तारै भुल्दै पनि जान्छ । सामाजिक जीवनमा फर्किन कुनै कठिनाई हुँदैन । तर पीडितलाई सामाजिक जीवनमा फर्किन गाह्रो हुन्छ । समाजका सदस्यहरू पीडकको अत्याचार बिर्सन तयार भए पनि पीडितमाथि कुदृष्टि राख्न र नकारात्मक सोच बनाउन सधैं तत्पर देखिन्छन् । यो कथाको मूल सन्देश पीडितलाई पीडालाई भुलेर सामान्य जीवनमा फर्कन आग्रह गर्नु हो ।

यस सङ्ग्रहको आठौँ कथा 'आश्चर्यको सिमाना' हो । एक युवतीले स्वाबलम्बी, पराक्रमी एवं न्यायप्रेमी देखाउन खोज्दा उसले भोगेको असहजताको विवरण यस कथामा प्रस्तुत गरिएको छ । नारी कोमल र सुन्दर देखिनुपर्ने, बलशाली वा शक्तिशाली हुनुपर्ने, कमजोर मानसिकता त्यागेर अगाडि बढ्न तम्तयार हुनुपर्ने, दर्बिलो आत्मबल बनाएर सामाजिक बेथिति रोक्न अग्रसर सहनुपर्ने, आफ्नो सामर्थ्य र शक्ति देखाउन सधैँ उद्यत देखिनुपर्ने विचारका पक्षपातीहरू उनीहरू अगाडिको बाटोबाट हिँड्न खोज्दा आफैँ नाक खुम्च्याउँन पछि पछि पर्दैनन् भन्ने कटुसत्यलाई यहाँ देखाउन खोजिएको छ । मानिसका बोलीहरू पनि समय र परिस्थितिअनुसार फरकफरक हुने गरेको तथ्यलाई यो कथाले पुष्टि गरेको छ । भनाई र गराई एउटै रहोस् भन्ने यो कथाको मूल आशय हो ।

यस सङ्ग्रहको नवौँ कथा 'मान्छेको रङ' हो । यो कथाको आसय आँखा अगाडि वा पछाडिका सबै मान्छे एउटै देखिए पनि समय र परिस्थितिअनुसार उनीहरूको रङ फरकफरक हुन्छ भन्ने हो । कथामा अनौठो दाम्पत्य जीवनको प्रेम देखाइएको छ । यो कुरा कल्पना बाहिरको नभए पनि यस्तो दाम्पत्य प्रेमले गाँसेको सम्बन्ध र व्यवहार बिरलै देख्न सकिन्छ । यस कथाका विषयमा कथाकारको बोली यस प्रकार रहेको छ -मानव जीवन सम्झौतामा नै अडिएको र चलेको छ । सम्झौताले गर्दा नै सुखी भएको छ । व्यक्तिले पाइला-पाइलामा मतभेद र सङ्घर्ष गर्ने हो भने जीवन दुष्कर हुने मात्र होइन अगाडि बढ्न पनि सकिँदैन । जीवन कठीन र केवल पीडा भएर जान्छ । समयअनुसार चल्नुपर्छ त्यसो गरे मात्र जीवन सरल रेखामा हिँड्न सक्छ भन्ने यो कथाको आसय हो ।

यस सङ्ग्रहको दशौँ कथा 'खडेरी विश्वास' हो । यो कथाको मूल सन्देश देखेका सबैकुरा पूरा नहुन पनि सक्छन् र नदेखेका/नसोचेका कुराहरू पुरा हुनसक्छन् भन्ने हो । कथाकार यो कथाका विषयमा यसरी अभिव्यक्त हुन्छन्- कहिलेकाहिँ यस्तो पनि हुन्छ जे देखिएको हुन्छ त्यो यथार्थमा हुँदैन । यथार्थ कुनै घटना, परिस्थिति वा नियतवस छोपिएको हुन्छ । तर अर्कोतिर, केही व्यक्तिहरू यस्तो प्रवृत्तिका हुन्छन् जसले जे देखेको हुन्छ त्यसलाई नै सम्पूर्ण सत्य मान्न पुग्छन् । वास्तविक सत्यलाईं होइन आफुले मानेको सत्यलाई आधार मानेर निर्णय गर्दछन् । पछि असत्यलाई आधार मानेर गरिएको निर्णयको कुप्रभावबाट पीडित भएर आजीवन पश्चाताप गर्छन् । विश्वास गर्न पनि विश्वासको आधार खोज्नुपर्छ अन्यथा दुख पाइने यो कथाको आसय हो ।

यस सङ्ग्रहको एघारौँ कथा अर्थात् अन्तिम कथा 'दोषी समय' हो । यो कथाले दाम्पत्य जीवन एकअर्काको विश्वासमा अडेको हुने सन्देश दिएको छ । कथाको आसय जीवनको सञ्चालन प्रेमले गरेको हुन्छ । एक अर्कोप्रति आक्रोश उठेमा र असमझदारी भए सो को निदानतर्फ कुनै अप्रिय निर्णय लिनुभन्दा पहिले सोच्नुपर्छ । कहिँलेकाहीँ परिस्थितिले पनि शङ्का उब्जाउन सक्छ, मानव कर्तव्य पूरा गर्न खोज्दा पनि विपरीत अर्थ लाग्न सक्छ । यस्तो अवस्था आइपरेमा आपसमा जानकारी गराउनु अनर्थ हुनबाट बच्नु हो भन्ने व्यवहारिक ज्ञानमा पुगेर कथा टुङ्गिएको छ । यो कथाको सार घरपरिवारमा विवाद आउन सक्छ । यो सामान्य कुरा हो । असमझदारी बढेर स्थिति अन्योलपूर्ण अवस्थामा पुग्न पनि सक्छ तर त्यसलाई समझदारीमा पुऱ्याएर समस्याको समाधानतिर लाग्नुपर्छ भन्ने हो ।

अधिकारीका यो सङ्ग्रहभित्र सङ्गृहीत अधिकांश कथाहरू प्रेमसँग सम्बन्धित छन् । प्रेम नजोडिएका कथाहरू छँदैछैन भन्दा पनि हन्छ किनकि ती कतै न कतै प्रेमका विषयमा जोडिएकै छन् । सङ्ग्रहको नाम रानीघाट भए पनि न रानीघाट शीर्षकको कुनै कथा छ न त कुनै कथामा रानीघाटको सन्दर्भ नै जोडिएको छ । उनी वीरगञ्जका स्थानीय बासिन्दा हुन् र सानी त्यहाँको महत्त्वपूर्ण स्थान हो । यसको ऐतिहासिक महत्त्व पनि छ । रानीघाट किन रानीघाट भयो र सङ्ग्रहको नाम किन रानीघाट राखियो यो प्रश्नको उत्तर लेखकले दिएका छैनन् । रानीघाटप्रति मोह राख्ने स्रष्टा किन कुनै पनि कथामा रानीघाटका विषयमा बोल्दैनन् यो ज्वलन्त प्रश्न हो । सङ्ग्रहको नाम रानीघाट राख्नुको बदलामा माया, प्रेम, विछोड र स्मृतिसँग सम्बन्धित कुनै नाम राखेको भए कथासङ्ग्रहले अझ सार्थकता पाउने थियो कि यो प्रश्नले उत्तर खोजिरहेको छ मात्र हैन भविष्यमा पनि खोजिरहने छ । तथापि कथाहरू सार्थक छन् यसमा भने कुनै पनि शङ्का र सन्देह छैन ।

**निष्कर्ष**

कथाकार विश्वराज अधिकारीद्वारा लिखित रानीघाट कथासङ्ग्रह भित्र विभिन्न भाव र शैलीका कथाहरू छन् । प्रत्येक कथामा प्रेम वा प्रितीका अनेक प्रसङ्ग जोडिएर आएका छन् । सन्दर्भ बिस्तारै पछि पछि लागेर आएका छन् । प्रेमबाट मानिसको जीवन कहिल्यै टाढा हुन नसक्ने ठहर गर्छन् । यसैले अधिकांश कथामा प्रेमको औचित्य उपस्थित गराएरै छाड्छन् । प्रेम प्रेमभन्दा कथाको बाटो अन्त कतै जान सकेको छैन । कथामा कतै प्रेमको प्रारम्भिक अवस्थाका झलक छन् त कतै वृद्धावस्थामा पुगे पनि आँखामा आएका पुराना सम्झना छन् । पहिलो प्रेमले कहिल्यै र कुनै अवस्थामा पनि नछोड्ने कथाकारको दृष्टान्त छ । प्रेमभन्दा जीवन टाढा छैन यो यथार्थ हो तर यसो भन्दैमा यौन जीवनभन्दा जीवनलाई अलिकति पनि टाढा राखेर हेर्न सकिँदैन भन्ने मनोचिन्तन यस सङ्ग्रहका कथामा प्रस्तुत भएका छन ।

**सन्दर्भसामग्री सूची**

अधिकारी, विश्वराज, (२०७२), *रानीघाट,* कथासङ्ग्रह, बारा : नवप्रज्ञापन प्रकाशन ।
ढकाल, बद्रीप्रसाद (२०७५), *साहित्य र समालोचना,* काठमाडौँ :ओरिएन्टल प्रकाशन ।
प्रभात, विष्णु (२०७०), सम्पा. *साहित्यकार-कलाकार परिचय कोश,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
भट्टराई गोविन्दराज र विजय हितान (२०८०), *पर्या साहित्य सिद्धान्त र सिर्जना,* काठमाडौँ : सम्पूर्ण किताब ।
रिजाल, नवराज (२०७९), *मधेस प्रदेशका नेपाली कथामा सामाजिक यथार्थ,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।
श्रेष्ठ, दयाराम (२०७५) *प्रज्ञा आधुनिक नेपाली कथाकोश,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।
शर्मा, मोहनराज (२०५०), *कथाको विकासप्रक्रिया* दोस्रो.संस्क, ललितपुर : साझा प्रकाशन ।